प्रदेश सरकार
प्रदेश नं. २
भुमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,सिरहा

(कार्यक्षेत्र : सिरहा/सप्तरी)

प.सं २०७५/०७६
च.न. : 2

मिति २०७५/९/२०

विषय : सूचना पठाईएको वारे ।

श्री गाँउ पालिका/नगर कार्यपालिका को कार्यालय
कंचनरूप सप्तरी ।

उपरोक्त विषयमा यस कार्यालयको आ.व. २०७५।०७६ को स्वीकृत कार्यक्रम बमोजिम कार्यक्रम संचालनको लागि प्रकाशन गरिएको सूचना थान १(एक) यसै पत्र साथ संलगन राखि पठाईएको छ । ताँहा कार्यालयको सूचना पाटिमा टाँस गरि दिनु भई सो को जानकारी यस कार्यालयलाई उपलव्ध गराई दिन हुन अनुरोध छ ।

.....................
धुव कुमार यादव
बरिष्ठ पशु विकास अधिकृत

प्रदेश सरकार
२ नं प्रदेश
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
सिरहा
कार्य क्षेत्र सिरहा र सप्तरी

# प्रस्ताव आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७५।०९।२०)

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सिरहा कार्यक्षेत्र सिरहा र सप्तरी को आ.व.२०७५।०७६ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार दुध उत्पादनमा आधारित(Output Based Subsidy ) अनुदान कार्यक्रममा आफ मातहतका दुध उत्पादक कृषकहरुलाई सहभागि गराउन इच्छुक दुध उत्पादक सहकारी संस्थाहरुले यो. सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन( २०७५ माघ ०४ गते) भित्र तोकिएको ढाँचा अनुसारको अनुसुचि २ को निवेदनमा रु.१०।०को टिकट टाँसि कार्यालय समय भित्र पेश गर्न हुन यो प्रस्ताव आह्वानको सूचना प्रकाशन गरिएको छ । आवेदन फारम भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सिरहा र सम्पर्क केन्द्र सप्तरी राजविराज वाट उपलब्ध हुनेछ । विस्तृत जानकारीको लागि कार्यालय समय भित्र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सिरहामा सम्पर्क राख्न हुन अनुरोध छ ।

**पुनश्च** : आवेदन साथ दुध उत्पादक सहकारी संस्थाहरुले निम्न अनुसारको को विवरण समेत पेश गर्नु पर्ने छ :

१. दैनिक दुध संकलन लिटरमा ।
२. विगत वर्षमा दुधको कारोवार गरेको अभिलेख ।
३. दुध उत्पादक कृषकहरुलाई वितरण गरिने अनुदानको मापदण्ड ।
४. दुध उत्पादक सहकारी संस्थाको दर्ता प्रमाण पत्र ।
५. भ्याट वा पानमा दर्ता भएको प्रमाण पत्र ।
६. गत वर्षको लेखा परिक्षण प्रतिवेदन ।
७. दुध उत्पादक सहकारी संस्थाको निर्णय ।

**प्रस्ताव दर्ता गर्ने स्थान :**

| जिल्ला | प्रस्ताव पेश गर्ने स्थान |
|---|---|
| सिरहा जिल्लाको लागि | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सिरहा |
| सप्तरी जिल्लाको लागि | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सिरहाको सम्पर्क केन्द्र सप्तरी राजविराज |

ध्रुव कुमार यादव
कार्यालय प्रमुख
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सिरहा

कार्यालय प्रमुख